नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ५४ २०७९ साल असोज ४ गते मंगलबार (20 Sep 2022 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जनताका प्रतिनिधिद्धारा जारी... ३ पृष्ठमा : निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र ... ३ पृष्ठमा अफगानिस्तानमा फेरि पनि ...

# संविधानसभा सदस्य सदरुल हकको हत्यामा संलग्न छोरीसहित १७ जना कैदी रिहा

## रिहा हुनेमा अधिकांश कर्तब्य ज्यान मुद्दाकै

**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

संविधान दिवसको अवसरमा संविधान सभा सदस्य सदरुल मियाँ हकको हत्यामा संलग्न रहेकी उनकी छोरीसहित १७ जना कैदीहरु सोमबार रिहा भएका छन् ।

कर्तब्य ज्यान मुद्दामा ९ वर्षदेखी राजविराज कारागारामा रहेकी उनकी छोरी ३२ वर्षिया रुवेदा खातुनसहित १७ जना रिहा भएका हुन् ।

मियाँको २०७० साल जेठ ७ गते साविकको विषणपुरस्थित उनको आफ्नै पेट्रोल पम्पमा सुतिरहेको अवस्थामा हत्या भएको थियो ।

अनुसन्धानको क्रममा छोरी रुवेदा समेतको संलग्नता प्रमाणित भएपछी सप्तरी जिल्ला अदालतलको २०७३ कार्तिक ३० गतेको फैसलाले २० वर्ष कैद ठहर भएको थियो । राम्रो आचरण भएकाले बाँकी कैद सजाय मिनाहा भएको जेल प्रशासनले जनाएको छ ।

यस्तै सो दिवसको अवसरमा सरकारले कर्तब्य ज्यान मुद्दाका छिन्नमस्ता गाउँपालिका संतोष कुमार यादव, विरेन्द्र साह सोनार,



*रिहा भएपछि :* **सदरुल मियाँ हकको हत्यामा संलग्न रहेकी उनकी ३२ बर्षिया छोरी रुवेदा खातुन**

राजविराजका रवी मण्डल धानुक र डाक्नेश्वरी नगरपालिकाका अशोक कुमार मण्डल रिहा भएको राजविराज कारागारका जेलर किशोर कुमार रामले जानकारी दिएका छन् ।

यस्तै कर्तब्य ज्यान मुद्दाकै हनुमाननगर कंकालिनी नगरपालिका निवासी सोनेलाल मण्डल, बोदे वरसाईन नगरपालिकाका सुरेश कुमार यादव र उदयपुर कटारी नगरपालिकाका ललित बहादुर माझी पनि रिहा भएका छन् ।

यसैगरि सवारी ज्यान मुद्दाका रुपनी गाउँपालिका ६ का रंजित कुमार भगत, खडक नगरपालिकाका लक्ष्मी प्रसाद चौधरी, अग्नीसाईर कृष्णासवरण गाउँपालिका शम्भु मुखिया, कंचनरुप नगरपालिका अर्जून मण्डल, डाँका मुद्दाका राजविराज निवासी मो.अकबर र चोरी नकवजनी मुद्दाका सप्तकोशी नगरपालिका निवासी विशाल मुखिया र चन्दन मुखिया पनि रिहा भएको जेलर रामले जानकारी दिए ।

कारागारबाट रिहा भएकाहरुलाई लिन पुगेका आफन्त तथा शुभचिन्तकहरुका कारण कारागार बाहिर खचाखच भीड लागेको थियो ।

# आठ दलद्वारा प्रदेशसभा समानुपातिक निर्वाचन सूची दर्ता

काठमाडौं, ३ असोज (रासस) ।

विभिन्न आठ राजनीतिक दलले प्रदेशसभातर्फ समानुपातिक निर्वाचन सूची दर्ता गराएका छन् । आयोगले सोमबार अपराह्न ४:३० बजे उपलब्ध गराएको तथ्याङ्क अनुसार ती दलले प्रदेशसभा समानुपातिक निर्वाचन सूची दर्ता गराएका हुन् ।

प्रदेश १ मा तीन, मधेसमा दुई, बागमतीमा तीन, गण्डकीमा दुई, लुम्बिनीमा एक, कर्णालीमा एक र सुदूरपश्चिममा तीन पार्टीले सूची गर्दा गराएका छन् ।

आयोगका अनुसार राष्ट्रिय जनमोर्चा, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय नागरिक पार्टी, किराँत खुम्बुवान साझा पार्टी, खुम्बुवान राष्ट्रिय मोर्चा नेपाल, तराई मधेस लोकतान्त्रिक पार्टी, बहुजन एकता पार्टी नेपाल र ताम्सालिङ लोकतान्त्रिक पार्टीले समानुपातिक निर्वाचन सूची दर्ता गराएका छन् ।

# असुरक्षित भएको भन्दै सुरक्षा व्यवस्था पहलका लागी आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

सप्तरीको शम्भुनाथ नगरपालिकाकी एक महिला आफु झन असुरक्षित भएको भन्दै सुरक्षा व्यवस्था पहलका लागी सोमबार संचारकर्मी समक्ष आग्रह गरेकी छिन ।

सो नगरपालिका ३ की ४० वर्षिया घुरनी देवी रामले राजविराजमा पत्रकार सम्मेलन गर्दै पतिको हत्या र नाबालिक छोरीको सामुहिक बलात्कारमा संलग्न आरोपीहरु एकपछी अर्को गरी धरौटीमा रिहा हुन थालेपछी आफू झन असुरक्षित भएको भन्दै सो आग्रह गरेकी हुन् ।

आयोजित पत्रकार सम्मेलनमा घुरनीले आफ्नो १४ वर्षिया छोरीको २०७५ सालमा छिमेकी कै केही युवाहरुले बलात्कार गरेको बताउँदै उक्त घटनाको २ वर्षपछि पति त्रिभुवनको हत्या भएको बताइन् ।

बलात्कार घटनाको दुई वर्षपछी २०७७ साल असार ३० गते पीडित किशोरीका बुवा त्रिभुवनको गाउँ नजिकै एकान्त स्थलमा हत्या गरी फ्यालिएको अवस्थामा प्रहरीले मृत शरीर फेला पारेको थियो ।

बलात्कारको घटनालाई मिलाउन गाउस्तरबाट निकै दबाब परे पनि छोरीको बलात्कारमा संलग्नहरुमाथी कडा कारवाही हुनु पर्ने अडान लिएकै कारण त्रिभुवनको हत्या भएको अनुसन्धानको क्रममा खुलेको थियो ।

किशोरी बलात्कारको आरोपमा पक्राउ परेका सोही वडाका बबी चौधरी सप्तरी जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागी अहिले पनि कारागारमा छन् । उनी संगै पक्राउ परेका अन्य चार जना भने केही दिन अघि धरौटीमा रिहा भएका छन् । यस्तै पीडित किशोरीका पिताको हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका सोही वडाका प्रभु साह, शम्भु साह, पंकज चौधरी र सुरेन्द्र पाल पनि पुर्पक्षका लागी राजविराज कारागारमा छन् ।

यसरी कारागारामा रहेकाहरुको आफन्त तथा धरौटीमा रिहा भएकाहरबाट आफुलाइ पनि ज्यान मार्ने धम्की आउन थालेपछी आफु असुरक्षित भएको घुरनी देवीको भनाइ छ । उनले मुद्दा फिर्ता लिन र गाउँ मै कुरा मिलाउन दवाव बद्दै गएकोले न्यायका लागि संचारकर्मी समक्ष आइपुगेको बताइन् ।

पत्रकार सम्मेलनमा उनका छिमेकी जयप्रसाद रामले यसबारे स्थानीय प्रशासनलाई समेत जानकारी गराइएको बताए ।

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### एटिएम सेवा प्रभावहीन

सप्तरी सदरमुकाम राजविराजमा रहेको एक दर्जन भन्दा बढी वित्तिय संस्थाहरुको एटिएम सेवा प्रभावकारी हुन सकेको छैन् । बित्तिय संस्थाहरुले एटिएम सेवा संचालनमा ल्याए पनि कुन न कुनै कारणले अधिकांश समय ठप्प नै रहेको हुन्छ । बैंक नै पुग्नु नपरोस तथा आफू पायक स्थानबाटै रकम झिक्न सक्ने व्यवस्था अन्तरगत एटिएम सेवा हो । तर, उक्त सेवामा कहिले रकम नहुनु त कहिले मेसिनले काम नगर्नु तथा कहिले विद्युत नहुनु जस्ता समस्या आइरहन्छ । यसबाट सेवाग्राहीहरुले निकै सास्ती खेप्नस परेको छ ।

सेवाग्राहीहरुलाई २४ औं घण्टा सेवा प्रदान गर्नका लागि जिल्लामा रहेका बैंकहरुले एटिएम सेवा संचालन गरेपनि दिनहुँ एटिएम सेवा अवरुद्ध रहनुले ग्राहक बाध्य भई बैंक मै पुगेर लाइनमा बस्नु पर्ने बाध्यता रहेको छ । यहाँ संचालनमा रहेका राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे, एभरेष्ट, ग्लोबल, सिद्धार्थ, सेन्चुरी, सनराइज बैंक लगायतले एटिएम सेवा संचालनमा ल्याएपनि अधिकांश बैंकका एटिएम सेवा हप्तौं दिनसम्म पनि अवरुद्ध नै रहने गरेको छ ।

तसर्थ सेवाग्राहीहरुको सजिलोका लागि २४ औं घण्टा दिँदै आएको एटिएम सेवालाई नियमित रुपमा संचालन गर्नुपर्ने तर्फ सम्बन्धित बैंकहरुले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनताका प्रतिनिधिद्वारा जारी लोकतान्त्रिक र समावेशी संविधान

**एकराज पाठक**
काठमाडौँ, ३ असोज (रासस) ।

विभिन्न कारण र समयका विश्वका आन्तरिक द्वन्द्वहरुको व्यवस्थापनका उदाहरण दिँदा नेपाल छुट्यो भने त्यो व्याख्या अधुरो हुन पुग्दछ । किनभने नेपालको वर्तमान संविधान यस्ता आन्तरिक द्वन्द्व व्यवस्थापनको विश्वकै एक सफलताको उदाहरण हो । छोटै समयमा नेपालले सफलता प्राप्त गरेको शान्ति प्रक्रियाको एउटा उपज नेपालको वर्तमान संविधान हो भन्दा हुन्छ ।

मुलुकमा सशस्त्र विद्रोह गरेको एउटा राजनीतिक शक्ति हतियार बिसाएर शान्ति प्रक्रियामा आई एकाध वर्षमै आफैँले संविधान निर्माण गरेका नेपालजस्ता उदाहरण संसारमा द्वन्द्व समाधानको आगुवाइ गर्ने संयुक्त राष्ट्रसङ्घसँग पनि बिरलै होलान् । करिब १० वर्ष सशस्त्र विद्रोह गरेको तत्कालीन नेकपा (माओवादी) शक्ति मुलुकका अरु प्रजातान्त्रिक दलसँगको सहकार्यमा शान्ति प्रक्रियामा आयो, संविधानसभा निर्वाचनमा सहभागी भयो र आफ्नै सहभागितामा संविधान निर्माण पनि गर्‍यो ।

विद्रोही शक्तिको सहभागिताको सरकारले २०७२ असोज ३ गते इतिहासकै सबैभन्दा प्रगतिशील र जनपक्षीय संविधान दियो । मुलुकमा संविधान निर्माणको अगुवाई गरी आफ्नो नेतृत्वको सरकारले घोषणा गर्ने काम सम्पन्न गर्ने तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई आजका दिनमा स्मरण गर्नु नै पर्ने हुन्छ । विसं २०६२ को मङ्सिरमा तत्कालीन सात राजनीतिक दल र विद्रोही माओवादीबीच सम्पन्न १२ बुँदे सहमतिपछि देशमा सुरु भएको शान्ति प्रक्रियाका प्रतिबद्धताबाट पनि यो संविधान निर्माणको गोरेटो कोर्न सुरु भएको भन्न सकिन्छ ।

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा लोकतन्त्रको पुनःस्थापना र त्यसपछि संविधानसभाको निर्वाचनमार्फत संविधान लेख्न एकताबद्ध भएका नेकपा (एमाले)सहितका सात राजनीतिक दल तथा माओवादीबीचको सम्झौताबमोजिम निर्मित यही संविधानले नै नेपाललाई सङ्घीय व्यवस्थामा प्रवेश गरायो । जनताका प्रतिनिधिद्वारा तयार पारिएको र राजा महाराजाबाट नभएर संसद्बाट घोषणा गरिएको यो नै नेपालको पहिलो संविधान हो । नेपालको संविधान २०७२ को यो नै एउटा महत्वपूर्ण विशेषता हो ।

नेपालको शान्ति प्रक्रियाको यही सफलता विश्वका सशस्त्र द्वन्द्वको व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्नेले दिने एक उत्कृष्ट दृष्टान्त पनि हो । त्यसैगरी संविधानसभाद्वारा जारी यो संविधान पनि विश्वकै एक प्रगतिशील र जनपक्षीय संविधानका रुपमा उदाहरण दिन मिल्दछ । नेपालको संसद् समावेशिताको एउटा उत्कृष्ट उदाहरण हो र त्यसको परिकल्पना पनि यही संविधानले नै गरेको हो । सामाजिक न्यायको हकलाई आफ्नो मौलिक हकका रुपमा व्यवस्था गरेर यो संविधानले समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक निकायमा नेपालका विभिन्न १८ वटा वर्ग र समुदायको सहभागिताको हक सुनिश्चितसमेत गरेको छ । केन्द्रीय संसद् र प्रादेशिक संसद्, सङ्घीय सरकार र प्रादेशिक सरकारलगायत सबै क्षेत्रमा जातीय जनसङ्ख्याका आधारमा समानुपातिक सिद्धान्तअनुरुप अनिवार्य प्रतिनिधित्व गराइने व्यवस्था यस संविधानले गरेको छ । संविधानको यही प्रावधान एवं सामाजिक न्यायका सिद्धान्तका कारण संसद्मा महिला सहभागिताको अवस्था उदाहरणीय छ जुन भारतलगायत विश्वका अन्य देशको तुलनामा नेपालमा नै धेरै छ भन्न सकिन्छ ।

संविधानले अल्पसङ्ख्यकको हक अधिकारको संरक्षण गरेको छ र उनीहरु पनि राज्यबाट प्रदान गरिने सेवा र सुविधामा समानुपातिकरुपमा लाभान्वित हुनसक्ने व्यवस्था गरेको छ । संविधानले नै संवैधानिक आयोगको मान्यताबमोजिम महिला, दलित, समावेशी, आदिवासी जनजाति, मुस्लिम, थारु, मधेसी आयोगको छुट्टाछुट्टै व्यवस्था गरेको छ । सिमान्तकृत वर्ग र समुदायका नागरिकको हकअधिकारको संरक्षण र सम्वर्द्धन गरिएको यो संवैधानिक व्यवस्थाका कारण पनि नेपालको वर्तमान संविधान समावेशी र प्रगतिशील दस्तावेजको एक उत्कृष्ट उदाहरण हो भन्न सकिन्छ ।

संविधानको परिकल्पना बमोजिम समावेशिताको यही सिद्धान्तका कारण राज्य प्रणालीका हरेक तह र निकायमा महिला सहभागिता बढेको छ । महिला, जनजातिलगायतको समावेशी सहभागिता विश्वकै राजनीतिक प्रणालीको एक उदाहरणीयरुपमा रहेको छ । समावेशिताको यो नमूना नेपालको संवैधानिक इतिहासमा यही संविधानले नै पहिलो पटक भित्र्याएको छ ।

संविधानले नै परिकल्पना गरेको मुलुकका राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्था एक लोकतान्त्रिक अभ्यास हो । राष्ट्र प्रमुख जस्तो उच्च तहमा यसरी एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्थाले महिला सहभागिताको विषयलाई महत्व दिएको स्पष्ट हुन्छ । त्यसैगरी, सभामुख र उपसभामुख तथा राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये पनि एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । यसरी संविधानले समावेशिताको सिद्धान्तको सम्मान गरेको छ ।

स्थानीय सरकारमा महिलाको उपस्थिति अर्को उदाहरण हो । नेपालका स्थानीय निकायको प्रकृतिको अध्ययन गर्दा कम्तीमा ४० प्रतिशत महिला सहभागिताको व्यवस्था पनि कम महत्वपूर्ण छैन । स्थानीय निकायका प्रमुख या उपप्रमुखमध्ये एकजना महिला हुनुपर्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिमकै समावेशी स्थानीय निकायहरु यतिखेर हामीसँग छन् । ती निकायमा महिला मात्र नभई विभिन्न जातजाति, भाषा, वर्ग र समुदायको पनि प्रतिनिधित्व गराइएको छ । नेपालको अहिलेको लोकतान्त्रिक राजनीतिक प्रणालीमा जनताको घरआँगनको सरकार मानिएको स्थानीय निकायमा व्यवस्था गरिएको यो समावेशी प्रतिनिधित्वलाई महत्वपूर्ण मान्न सकिन्छ । यस्तो प्रतिनिधित्व नेपालको इतिहासमा यो पहिलो पटक भएको हो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति वर्तमान संविधानको अर्को लोकतान्त्रिक व्यवस्था हो । नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा प्रस्तावनामा नै प्रेस स्वतन्त्रता उल्लेख गरेको यसअघिको २०६३ सालको अन्तरिम संविधानपछिको यो दोस्रो संविधान हो । संविधानको प्रस्तावनामा नै 'पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रही...' भन्ने वाक्यांश यस संविधानमा राखिएको छ । यसरी प्रस्तावनामै प्रेस स्वतन्त्रताको सुनिश्चितताको व्यवस्था गर्ने विश्वका बिरलै पाइने संविधानमा हाम्रो संविधान पनि पर्दछ । भारतको संविधानमा पनि अभिव्यक्ति स्वतन्त्रताको कुरा राखिएको छ तर प्रेस स्वतन्त्रता भनेर प्रस्तावनामा लेखिएको छैन । प्रेस स्वतन्त्रता र संविधानका ज्ञाताहरुले संविधानको यस प्रावधानलाई नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा सबैभन्दा प्रगतिशील र महत्वपूर्ण संवैधानिक प्रावधानका रुपमा परिभाषित गर्ने गरेका छन् ।

संविधानको मौलिक हकमा व्यवस्था गरिएको सञ्चारको हकले नेपालमा प्रेस स्वतन्त्रताको दरिलो सुनिश्चितता प्रदान गरेको छ । विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भनी गरिएको व्यवस्था देशमा प्रेस स्वतन्त्रताको सुनिश्चितताको एउटा बलियो प्रमाण हो । संविधानले नै यसरी समाचारमा कुनै किसिमको 'सेन्सरसिप' स्वीकार नगर्नुलाई ऐतिहासिक उपलब्धि मान्नुपर्छ । नागरिकको सूचनाको हक तथा विचार तथा अभिव्यक्तिको स्वतन्त्रताका क्षेत्रमा यो संविधानलाई विश्वकै एक उत्कृष्ट दस्ताबेजका रुपमा स्वीकार गर्नुपर्दछ ।

सङ्घीयता, धर्मनिरपेक्षता, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, कानूनी शासन, आवधिक निर्वाचन, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता तथा समानुपातिक समावेशी र सहभागितामूलक लोकतान्त्रिक शासन व्यवस्था यो संविधानका आधारभूत विशेषता हुन् ।

नेपाली जनताको अधिकतम सहभागितामा सम्पन्न संविधानसभाबाट चुनिएका प्रतिनिधिमार्फत् नेपाली जनताले आफै जारी गरेको यो संविधानका यी लोकतान्त्रिक र प्रगतिशील विशेषताहरूको जगमा उभिएर नेपाली समाजमा रहेका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका उपलब्धिहरु हासिल गर्न सकिन्छ । विविध समस्याहरूको उपयुक्त समाधान गर्दै जनताका घरघरमा लोकतन्त्रको अनुभूति हुने गरी कार्यभार पूरा गर्न यो संविधानले प्रसस्तै स्थान दिएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिका लागि संविधानले सुनिश्चित गरेका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक हकअधिकार पर्याप्त छन् । यी संवैधानिक व्यवस्था एवं हक अधिकारहरुको पूर्ण तथा उचित कार्यान्वयन गर्दै समृद्ध मुलुक निर्माण गर्नु आजको आवश्यकता हो ।

नेपाली जनताको बलिदान र लगानी, राजनीतिक दल र दलका नेतृत्वको मेहनत, एवं सबैको दृढ इच्छाशक्तिकै कारण मुलुकमा सम्पन्न संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जनताबाटै जारी गर्न सम्भव भएको हो । त्यसैले यही संविधानको कार्यान्वयन र सहयोगबाट नै सदियौँदेखि समाजमा पछि पारिएका/परेका समुदायको जीवनमा सकारात्मक परिवर्तन ल्याई प्राप्त यो उपलब्धिको अनुभूति हुने गरी आधारभूत तहसम्म लोकतन्त्रका लाभहरूको वितरण गर्न सक्नु नै यो राजनीतिक व्यवस्थाको प्राथमिकता हुनुपर्छ । मुलुकलाई समृद्ध बनाई राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण राख्न, समाजमा दिगो शान्ति कायम गर्न र समाज रुपान्तरणको कार्यादेश पूरा गर्न यो संविधानको पूर्ण कार्यान्वयनबाट मात्र सहज हुनेछ ।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री

काठमाडौँ, ३ असोज (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

आठौँ संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा मूल समारोह समितिद्वारा सोमबार टुँडिखेलस्थित सैनिक मञ्चमा आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले निर्वाचनले मुलुकमा लोकतान्त्रिक विधिअनुसार शान्तिपूर्णरुपमा सत्ता हस्तान्तरणलाई सुनिश्चित गर्ने र यसले हाम्रो संविधानलाई चलायमान बनाउनाका साथै जीवन्तता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

निर्वाचन गराउने कार्यमा सरकारलाई सबैको सहयोग मिल्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री देउवाले सम्पूर्ण नेपाली जनताको समृद्धि, सम्पन्नता र आत्मसम्मान अभिवृद्धि नै आफूहरुको एकमात्र अभिष्ट भएको स्पष्ट पार्नुभयो । "संविधान दिवसका अवसरमा उक्त लक्ष्य पूरा गर्न कुनै पूर्वाग्रह र दुराग्रह नराखी देश र जनताको हितलाई सर्वोपरी ठान्दै विकास र सम्मुन्नतिको महायज्ञमा जुट्न म सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, निजी क्षेत्रलगायत सबैमा आह्वान गर्दछु", उहाँले भन्नुभयो, "अबको हाम्रो गन्तव्य भनेको मुलुकको द्रुततर आर्थिक रुपान्तरण, सुशासनको सुदृढीकरण र जनताको जीवनस्तर सुधार नै हो ।"

प्रधानमन्त्री देउवाले जनताको जीवनस्तरमा सुधार ल्याई मुलुकको स्वाधीनता र स्वाभिमानलाई संरक्षण र संवर्द्धन गर्न तथा समृद्धिको सपनालाई चाँडो पूरा गर्ने गरी काम गर्न जरुरी रहेको भनाइ व्यक्त गर्नुभयो । लोकतन्त्र भनेको जनताले जनताद्वारा जनताकै लागि उनीहरुको इच्छाबमोजिम गरिने शासन हो भन्दै उहाँले लोकतन्त्रमा सम्पूर्ण निर्णायक शक्ति सार्वभौम जनतामै रहने हुनाले राज्यका सबै तहका संरचनामा देशका सबै वर्ग तथा समुदायको समान पहुँच र सहभागिता सुनिश्चित हुने स्पष्ट गर्नुभयो । प्रधानमन्त्री देउवाले भन्नुभयो, "लोकतन्त्रमा सबै जनता संविधान र कानुनले सुनिश्चित गरेको हकअधिकार समानरुपमा उपभोग गर्न सक्ने हैसियतमा हुनुपर्छ । शासन प्रणालीमा सबै जनता अटाउने र राज्यका अवसरहरुमा सबैले समान हिस्सा पाउने व्यवस्था यसको आधारभूत चरित्र हुनुपर्छ । कसैलाई पनि नछोड्ने सबैलाई सँगसँगै लिएर अघि बढ्ने विशेषता यसको हुनुपर्छ ।"

संविधानको कार्यान्वयनले गति लिएको र मुलुकमा राजनीतिक स्थायित्व, शान्ति र सुशासन कायम गर्दै देश र जनताको आकाङ्क्षा परिपूर्ति गर्ने दिशामा सरकार अग्रसर रहेको बताउँदै उहाँले राजनीतिक परिवर्तनसँगै यस प्रणालीलाई संस्थागत गर्न हाम्रा सोच, काम गराइ, प्रवृत्ति र कार्यशैलीमा पनि आमूल परिवर्तन ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संविधानले विगतमा नेपाली समाजमा रहेका छुवाछूत, विभेद र उत्पीडनजस्ता सामाजिक विकृति तथा विसङ्गतिलाई अन्त्य गरेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले संविधानले जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजको निर्माण गर्दै बृहत् राष्ट्रिय एकताको सूत्रमा आवद्ध गरेको बताउनुभयो ।

उहाँले विनासकारी भूकम्पबाट भएको क्षतिको पुनःनिर्माण नसकिँदै कोभिड- १९ को महामारी र डेङ्गुको प्रकोपबाट थप पीडित हुनुपरेको उल्लेख गर्दै सबैको समन्वयात्मक प्रयासबाट महामारी नियन्त्रण गरी मुलुकलाई सामान्य अवस्थामा फर्काउन सफल हुने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवाले मुलुकको शासकीय सुधारका लागि विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्ने क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदप्रति उच्च सम्मान व्यक्त गर्दै श्रद्धाञ्जलि अर्पण गर्नुभएको थियो ।

समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुनसहित उच्चपदस्थ पदाधिकारी र कर्मचारीको उपस्थिति थियो ।

# १५ हजारले लिए अग्रिम टिकट

काठमाडौँ, ३ असोज (रासस)।

दसैँ, तिहार तथा छठ पर्व मनाउन घर जानका लागि नयाँ बसपार्कबाट १५ हजार यात्रुले अग्रिम बस टिकट लिएका छन् ।

यही असोज १ गतेदेखि टिकट बुकिङ खुला गरिएकामा नयाँ बसपार्कबाट मात्र दुई दिनमा १५ हजार यात्रुले अग्रिम टिकट लिएका हुन् । यातायात व्यवस्था विभाग, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका प्रतिनिधिबीच गत भदौ २२ गतेको निर्णयअनुसार यही असोज १ गतेदेखि लामो दूरीका सवारी साधनका लागि अग्रिम टिकट बुकिङ खुला गरिएको हो ।

नयाँ बसपार्क सञ्चालनको जिम्मा लिएको ल्होत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले दुई दिनमा १५ हजार यात्रुले अग्रिम टिकट लिएको जानकारी दिनुभयो । जसमध्ये असोज १ गते शनिबार सात हजार र असोज २ गते आइतबार आठ हजार यात्रुले अग्रिम टिकट लिएका हुन् ।

सरकारले पश्चिमको दार्चुला, धनगढी, टीकापुर, बझाङ, बाजुरा, प्युठान, रुकुम, रोल्पालगायतका स्थान तथा पूर्वको काँकडभिट्टा, भद्रपुर, तेह्रथुम, खाँदबारी, ताप्लेजुङ, भोजपुर, इलाम, पशुपतिनगर धरान विराटनगरलगायतका स्थानमा जाने यात्रुलाई अग्रिम टिकट दिन सुरु गरेको हो । पृथ्वी राजमार्गअन्तर्गत गोरखा, पोखरा, लमजुङ, बागलुङ, म्याग्दी, स्याङ्जा, नुवाकोट, रसुवालगायतका छोटो दूरीमा जाने सवारी साधनको पनि अग्रिम टिकट बुकिङ चाँडो खुला गरिने पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका काठमाडौँ प्रमुख रमेश खत्रीले जानकारी दिनुभयो । लामो दूरीमा जाने यात्रुका लागि टिकट बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म वितरण गर्ने गरिएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले दसैँ मान्न घर जाने यात्रुलाई ध्यानमा राखेर यातायातको राम्रो व्यवस्था मिलाएको बताउनुभयो । दसैँमा २० लाखभन्दा बढी यात्रु प्रत्येक वर्ष उपत्यकाबाट बाहिरिने गरेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र यातायात व्यवस्था विभागले चाडपर्वलाई लक्षित गरेर राजधानीका विभिन्न १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गर्ने भएको छ । महाशाखाले विभागको सहकार्यमा राजधानीको नागढुङ्गा, कलङ्की, स्वयम्भू, माछापोखरी, नयाँ बसपार्क, चाबहिल, गौशाला, कोटेश्वर, जगाती, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा र पुरानो बसपार्कमा यात्रु सहायता कक्ष राखिनेछ ।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले यात्रु सहायता कक्षमार्फत राजधानीबाट विभिन्न गन्तव्यस्थलसम्म जान लाग्ने भाडादर र यात्रुलाई गन्तव्यस्थलसम्म सहजै जानका लागि आवश्यक समन्वय गर्ने बताउनुभयो ।

## विश्व समाचार

### अफगानिस्तानमा फेरि पनि टिकटक बन्द

काबुल, ३ असोज (रासस/एएनआई)।

अफगानिस्तानको तालिबान सरकारले देशभित्र टिकटक प्रयोगमा प्रतिबन्ध लगाएको छ । तालिबान नेतृत्वको सरकारको टेलिकम्युनिकेसन विभागका उच्च अधिकारीले टिकटकसँगै पब्जी एप्लिकेसन पनि प्रयोगमा प्रतिबन्ध लगाइएको पुष्टि गरेका हुन् ।

मुस्लिम समुदायले अवलम्वन गर्ने सरिया कानुन र सुरक्षा तथा सांस्कृतिक पक्षलाई हेरेर टिकटक प्रतिबन्ध लगाइएको अधिकारीहरुको भनाइ छ । प्रतिबन्ध लगाउने यो निर्णय आगामी कम्तीमा तीन महिना लागु हुने बताइएको छ । अफगानिस्तानमा टिकटक प्रतिबन्ध लगाउने निर्णय यसअघि पनि भएको थियो । तालिवान नेतृत्वको सरकारले यसअघि अहिलेसम्म अनैतिक र गलत सन्देश प्रवाह गरेको भन्दै दुई करोड ३० लाख वेभसाइट बन्द गरिदिएको थियो ।

तालिवान सरकारका सञ्चार मन्त्री नाजिबुल्लाह हक्कानीले भन्नुभयो, "हामीले अहिलेसम्म दुई करोड ३० लाख ४० हजार वेभसाइट बन्द गरेका छौँ, एउटा बन्द गर्‍यो अर्को खुल्छ, यो हाम्रो लागि ठूलो चुनौती भएको छ ।"

### अमेरिकासँग बन्दीहरु आदानप्रदान गर्न इरान तयार : प्रवक्ता

तेहरान, ३ असोज (रासस/सिन्ह्वा)।

अमेरिकासँग आफ्ना बन्दीहरु आदानप्रदान गरी रिहा गर्न इरान तयार रहेको इरानको विदेश मन्त्रालयका प्रवक्ताले जानकारी दिनुभएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले आफूहरु अमेरिकासँग बन्दीहरु आदानप्रदान गर्न तयार रहेको जानकारी दिनुभएको हो । इरानी समाचार समिति, इस्नासँग उहाँले भन्नुभएको छ( हामी अमेरिकासँग बन्दीहरु आदानप्रदान गर्न पहिले पनि तयार थियौँ र अहिले पनि हामी तयार नै छौँ ।

उहाँले यसका लागि अमेरिकासँग विभिन्न समय र विभिन्न तरिकाबाट कुराकानी भएको जानकारी गराउनुभयो । यस विषयमा केही समयअघि भियनामा भएको आणविक वार्ताका क्रममा अमेरिकासँग आवश्यक मात्रामा छलफल भएको जानकारी पनि सो समाचार समितिसँग उहाँले दिनुभएको छ ।

### दक्षिण कोरियामा १९ हजार चार सय सात कोरोनाका नयाँ संक्रमित

सोल, ३ असोज (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा २४ घण्टाको समयावधीमा अर्थात आइतबार मध्यरातीसम्ममा १९ हजार चारसय सात कोरोनाका नयाँ सङ्क्रमित थपिएका जनाएको छ ।

यसैसँगै कोरोनाका कूल सङ्क्रमितको सङ्ख्या दुई करोड ४४ लाख १३ हजार आठ सय ७३ भएका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् । गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा १९ जनाले बढेर ५०८ पुगेको छ । सङ्क्रमणको कारण ३९ जनाको मृत्यु भएको पुष्टि भएको छ । यसैसँगै मृतकको सङ्ख्या २७ हजार आठ सय ६७ पुगेको छ । कुल मृत्यु दर ०.११ प्रतिशत रहेको छ ।

### अमेरिका र अफगानिस्तानले बन्दी आदानप्रदान गरेको छ : तालिवान

काबुल, ३ असोज (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिका र तालिवानले कैदी आदानप्रदान पूरा गरेको छ ।

अफगानिस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीले सन् २०२० मा अपहरण गरिएका अमेरिकी नौसेना दिग्गज मार्क फ्रेरिचसलाई हेरोइन तस्करीको आरोपमा संयुक्त राज्य अमेरिकामा १७ वर्षसम्म कैद गरिएका लडाका र तालिवान सहयोगी बशर नूरजाइसँग साटासाट गरिएको बताउनुभएको छ ।

"आज, मार्क फ्रेरिचसलाई अमेरिकामा सुम्पियो र हाजी बशरलाई काबुल विमानस्थलमा हामीलाई सुम्पियो", मुत्ताकीले काबुलमा पत्रकारहरूलाई भन्नुभएको छ । आदानप्रदान लामो वार्तापछि मात्र भएको मुत्ताकीले जानकारी दिनुभएको छ । अमेरिकी नौसेना दिग्गज अफगानिस्तानमा निर्माण परियोजनाहरूमा सिभिल इन्जिनीयरको रुपमा काम गरिरहेका थिए । यस अवस्थामा उनको अपहरण भएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सोमबार एएफपीलाई नूरजाईले तालिबानमा कुनै आधिकारिक पद नराखेको तर सन् १९९० को दशकमा कट्टरपन्थी इस्लामवादी आन्दोलनको उदय भएपछि हतियारसहित बलियो समर्थन प्रदान गरेको बताउनुभएको छ ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# संविधान दिवसलाई लोसपा र जसपाले कालो दिनका रुपमा मनाए



**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

संविधान दिवसको दिन सप्तरीमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) र जनता समाजवादी पार्टी नेपाल (जसपा) ले कालो दिवसको रुपमा मनाएका छन् ।

संविधान जारी भएको दिन असोज ३ गते मुलुकमा संविधान दिवस मनाईरहेको बेला यी दुई पार्टीले संविधानमा त्रृटी भएको भन्दै कालो दिनको रुपमा मनाएको जनाएका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी नेपाल (जसपा) ले विरोध सभा र प्रर्दशन मार्फत संविधान संशोधन नहुनजेलसम्म यस दिनलाई संविधान दिवसको रुपमा मनाउन न सकिने भन्दै विरोध जनाएका हुन् ।

टाउकोमा कालो पट्टी बाँधेर स्थानीय पार्टी कार्यालयबाट लोसपाका स्थानीय नेता, कार्यकर्ताहरुले मोटरसाईकल ऱ्याली, नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए । मधेशको माग सम्बोधन हुने गरी संविधान संशोधन गर, नागरिकता विधेयक प्रमाणिकरण गर, अपुरो संविधान पुरा गर लगायतका नाराबाजी गर्दै मोटर साइकल ऱ्याली बजार क्षेत्र परिक्रमा गरी पुनः पार्टी कार्यालयमै पुगि विचार गोष्ठीमा परिणत भएको थियो । उक्त गोष्ठीको अध्यक्षता पार्टीका जिल्ला उपाध्यक्ष बौवा लाल शर्माले गरेका थिए ।

यस्तै जसपा जिल्ला समन्वय समिती सप्तरीले पनि सोमबारै राजविराजमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी संविधान दिवसलाई कालो दिनको रुपमा मनाएका छन् । जिल्ला सचिव हरेराम यादवको अध्यक्षता तथा केन्द्रिय सदस्य विकास तिवारीको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रमका सहभागीहरुले संविधान संशोधन न भए सम्म सदन र सडक दुबै स्तरबाट संघर्ष जारी रहने उदघोष गरे ।

# दलित समुदायलाई दिएको अधिकार कार्यान्वयन गर्नमा जोड

**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

आठौं संविधान दिवसको अवसरमा दलित सरोकार मञ्च नेपाल, कञ्चनरुपले आयोजना गरेको 'संविधान दिवसको अवसरमा, दलित समुदायको संबैधानिक अधिकार कार्यान्वयनको अवस्था र भागी कार्यदिशा' विषय अन्तरक्रियाको आयोजना गरेको छ ।




अयोजित कार्यक्रमका वक्ताहरुले संविधानले दलित समुदायलाई दिएको अधिकार कार्यान्वयन गर्न राज्यका अंगहरूलाई एकजुट भएर अवाज उठाउनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा समाजिक अभियन्ता भोला पासवानले संविधान निर्माण भएको ८ वर्ष बितिसक्दा पनि दलित समुदायका मौलिक हक, अधिकार कार्यान्वयन गर्नेसम्बन्धी कानून बन्न नसकेको बताए । उनले संविधान र कानुनले दलित समुदायलाई दिएको अधिकारहरूको बारेमा सो समुदायलाई जागृत गर्नुपर्नेमा जोड दिए ।

उनले भने, "पहिलो कुरा संविधान र कानुनले दिएका कुराहरूलाई नागरिकको तहसम्म स्थापित गर्ने तथा विभेदका विरुद्ध लड्न मिल्छ, लड्न पाइन्छ हाम्रो संविधान र कानूनले प्रोत्साहित गर्छ भन्ने कुरा पनि कतिलाई थाहा छैन ।"

दलित संयुक्त संर्घष समिति कञ्चनरुप नगरपालिका संयोजक रामदेश शर्माले दलित समुदायलाई संवैधानिक र कानूनी साक्षरता अति आवश्उक रहेको बताए । समाजमा दलित समुदाय सबैभन्दा तल रहेको भन्दै उनले सो समुदायलाई माथि ल्याउनेर्फ राज्यले गरेको संवैधानिक अधिकार कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए ।

दलित समुदायको आर्थिक, सामाजिक रुपान्तरण र सबैतिर सहज सहभागिताका लागि राजनीतिक दलहरूले अगुवाइ गर्नुपर्ने दलित अधिकारकर्मी जीवछ सरदारले बताए । दलित समुदायका बालबालिकालाई शिक्षा, रोजगारी, उपचार, राज्यको संयन्त्रमा प्रतिनिधित्व, भूमिहीन र आवासहिनलाई भूमि र आवासको व्यवस्था जस्ता कुराहरू संविधानमा उल्लेख भएपनि त्यसको कार्यान्वयन नभएको उनको भनाई थियो ।

# थप ९१ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, ३ असोज (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप ९१ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा तीन हजार नौ सय २४ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार चार सय ८८ जनाको पिसिआर र एक हजार चार सय ३६ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो चौबिस घण्टामा एक सय ६५ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको संख्या नौ लाख ८५ हजार पाँच सय ६० पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय कोरोना संक्रमितको संख्या एक हजार सात सय ४० रहेको छ । हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १६ पुगेको छ । हाल होम आइसोलेशनमा एक हजार छ सय ७८, संस्थागत आइसोलेशनमा ६२ र आइसियुमा २० संक्रमित रहेका छन् ।

# संविधान दिवसका अवसरमा नौ सय ९८ जनालाई विभूषण

काठमाडौँ, ३ असोज (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा संविधान दिवस, २०७९ तथा राष्ष्ट्रिय दिवसका अवसरमा नौ सय ९८ जनालाई विभिन्न मानपदवी, अलङ्कार र पदकबाट विभूषित गर्ने घोषणा गर्नुभएको छ ।

नेपालको संविधानको धारा २७७ को उपधारा (१) बमोजिम २०७९ भदौ ३१ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णय र सिफारिसमा विभूषण प्राप्त गर्नुहुने व्यक्तित्वको नामावली सार्वजानिक गरिएको हो । राष्ट्रपतिको कार्यालयका प्रवक्ता सागर आचार्यले सोमबार विज्ञप्ति जारी गरेर मानपदवीतर्फ नेपाल रत्न ए१, राष्ट्र गौरव तीन, सुप्रसिद्ध प्रबल नसेवाश्री एक, प्रसिद्ध प्रबल जनसेवाश्री १४, सुकीर्तिमय राष्ट्रदीप १७, सुप्रबल जनसेवाश्री एक सय ६५, कीर्तिमय राष्ट्रदीप छ, प्रबल जनसेवाश्री तीन सय २२, राष्ट्रदीप दुई, जनसेवाश्री दुई सय सातलाई विभूषण हुने जनाउनुभएको छ ।

यस्तै अलङ्कारतर्फ राष्ट्र यशोवर्द्धक १०, परम पौरख भास्कर दुई, नेपाल प्रताप सुभूषण ३८, नेपाल सेवा प्रवीण २३, अतिपौरख भाष्कर आठ, नेपाल प्रताप आभूषण १९, समाजसेवा रत्न ३८, महापौरख भाष्कर १८ र नेपाल प्रताप भूषण २३ जनालाई प्रदान गरिनेछ ।

पदकतर्फ राष्ट्रसेवा पदक प्रथम श्रेणी छ, शिक्षाज्योति पदक १८, सगरमाथा पदक १३, सुकीर्ति पदक १२, वीरता पदक आठ, सौर्य पदक एक, प्राकृतिक प्रकोप पीडितोद्धार पदक सात, विकास रत्न पदक १६ जनालाई दिने घोषणा गरिएको छ ।

नेपालको संविधानको विशेषता
➢ सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
➢ नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता ,
➢ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
➢ धर्म निरपेक्ष राज्यव्यवस्था,
➢ मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
➢ लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
➢ समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
➢ प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
➢ संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था.
➢ समाजवादउन्मुख अर्थतन्त्र ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*